शैल्यशिखर नगरपालिकाका नगर उपप्रमुख
श्री शान्ति खडायतले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८३।०८४ को
# वजेट वक्तव्य

शैल्यशिखर नगरपालिका
गोकुलेश्वर, दार्चुला

CS CamScanner

१९ औं नगरसभाका अध्यक्षज्यू
नगरसभा सदस्यज्यूहरु,

१. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१ मा व्यवस्था भए बमोजिम शैल्यशिखर नगरपालिकाको वजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले शैल्यशिखर नगरपालिकाको गरिमामय नगरसभा समक्ष आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु । प्रस्तुत वजेटलाई समावेशिकरण र उत्पादनमूलक, प्रशासनिक खर्च, राजस्व बाँडफाँड र आन्तरिक राजश्ववाट प्राप्त हुने रकम बजेटको रुपमा प्रस्तुत गरेको छु ।

२. यस अवसरमा लोकतन्त्र प्राप्ति र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि विभिन्न कालखण्डमा भएका आन्दोलन राजनितिक क्रान्ति एवम् संघर्षलाई स्मरण गर्न चाहान्छुँ । जनाधिकार र राजनितिक परिवर्तनका लागि आफ्नो अमूल्य जीवन बलिदान गर्ने सहिदहरुप्रति उच्च सम्मान तथा हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु । घाईते योद्धा र वेपत्ता नागरिक प्रति उच्च सम्मान र परिवारप्रति गहिरो सहानुभूति प्रकट गर्न चाहन्छु साथै लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ राजनितिक परिवर्तनको नेतृत्व गर्ने नेतागण तथा आम परिवर्तनकारी जनताप्रति हार्दिक नमन व्यक्त गर्दछु ।

३. गरिवीको रेखामुनी रहेका तथा विभेद र बहिष्करणमा परेका बर्ग क्षेत्र लिङ्ग जाति र समुदाय लगायत सबै नागरिकको विकास र समृद्धीको आकाँक्षा सम्बोधन गर्न बजेट केन्द्रित गरेको छु ।

४. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको आधार स्तम्भको रुपमा रहेको स्थानीय तह शैल्यशिखर नगरपालिको आन्तरिक आय बृद्धि गर्ने करका दायराहरु खोजी गरी थप आय बृद्धि गर्ने गरी अनुमान गरिएको छ ।

५. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान नेपालको दिगो विकास लक्ष्य, सोहौं योजनाको लक्ष्य ,स्थानीय सरकार सञ्चालन ऐन, शैल्यशिखर नगरपालिको विनियोजन ऐन २०८३ को सिद्धान्त र प्राथमिकता , नगरसभा सदस्यबाट प्राप्त सुझावलाई मार्गदर्शनको रुपमा लिएको छुँ साथै शैल्यशिखर नगरपालिकाकाका आम नागरिक, राजनितिक दल, विद्धत वर्ग ,नागरिक समाज, निजी क्षेत्र लगायत पिछडिएका एवम् सिमान्तकृत वर्ग सहित सरोकारवालाबाट प्राप्त सुझावलाई समेत आधार लिएको छु ।

६. अब म शैल्यशिखर नगरपालिकाको चालू आर्थिक वर्ष २०८३।०८४ को विद्यमान अवस्थाका सम्वन्धमा केही कुरा प्रस्तुत गर्न चाहान्छु ।

७. चालू आर्थिक वर्षको आन्तरिक आम्दानी तोकेको लक्ष्य भन्दा कम भएको छ । जसको कारण विनियोजित रकमले योजना केही प्रभावित भएका छन ।

८. चालू आर्थिक वर्षमा शैल्यशिखर नगरपालिकाको आन्तरिक राजश्व संकलन वार्षिक लक्ष्य ८८ लाख भएकोमा राजश्व संकलन अनुमानभन्दा धेरै न्यून अर्थात ५१,९०,३७६.४७ एकाउन्न लाख नब्बे हजार तीन सय छहत्तर पैसा सतचालिस मात्र संकलन भएको छ ।

**नगरसभा अध्यक्ष ज्यू**

९. अब म बजेटको उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

क. उपलब्ध स्रोत साधन श्रमपूँजी र प्रविधिको एकीकृत परिचालनबाट रोजगारीको सिर्जना र गरिवी निवारणका गर्ने ।

ख. वित्तीय अनुशासन कायम गर्ने ।

ग. आर्थिक तथा सामाजिक रुपान्तरणबाट सन्तुलित समावेशी आत्मनिर्भर र समाजवाद उन्मुख बजेट निर्माण गर्ने ।

घ. सार्वजनिक सेवा प्रवाहलाइ जनमैत्री र गुणस्तरीय बनाइ नागरिकहरुमा सेवाको सन्तुष्टि वढाउने ।

CamScanner

नगरसभा अध्यक्षज्यू , नगरसभा सदस्यज्यूहरु

७. अव म बजेटको प्राथमिकता प्रस्तुत गर्न गईरहेको छु ।

क. सामाजिक विकास ।

ख. कृषि क्षेत्रको रुपान्तरण ।

ग. सरकारी निजी सहकारी क्षेत्रको सहकार्यमा उत्पादन र उत्पादकत्व वृद्धी ।

घ. पूर्वाधार विकास ।

ङ. प्रभावकारी सार्वजनिक सेवा, सुशासन र पारदर्शिता।

**नगरसभा अध्यक्षज्यू एवम् नगरसभा सदस्यज्यूहरु**

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम शैल्यशिखर नगरपालिको आर्थिक ऐन २०८३ प्रस्तुत गर्ने अनुमति चाहन्छुँ ।

नगरसभा अध्यक्षज्यू एवंम् नगरसभा सदस्यज्यूहरु अव म अगामी आर्थिक वर्षको वजेट सभा समक्ष पेश गर्ने अनुमति चाहान्छु ।

**आय अनुमान:**

| शीर्षक | आ.व. २०८३/०८४ को अनुमान | अक्षरमा |
|---|---|---|
| **संघिय सरकार** | **५३,६१,४७,०००।** | **त्रिपन्न करोड एकसठी लाख सतचालिस हजार मात्र** |
| समानिकरण अनुदान | १२,६९,००,०००। | वाह्र करोड उन्सत्तरी लाख मात्र |
| शसर्त अनुदान चालू | २८,९९,००,०००। | अठ्ठाईस करोड उनान्सय लाख मात्र |
| शसर्त अनुदान पुँजीगत | ३३,००,०००। | तेतीस लाख मात्र |
| समपूरक अनुदान पुँजीगत | १,६६,००,०००। | एक करोड छैसठ्ठी लाख मात्र |

| | | |
|---|---|---|
| विशेष अनुदान पुंजीगत | ९७,००,०००। | सन्तानब्वे लाख मात्र |
| राजश्व बाँडफाडबाट संघ | ८,९७,४७,०००। | आठ करोड सन्तानब्वे लाख सतचालिस हजार मात्र |
| **प्रदेश सरकार** | **२३,९१,७२,०००** | **तेईस करोड एकानब्बे लाख बहत्तर हजार मात्र** |
| समानिकरण अनुदान(न्युनतम) | १६,३५,०००। | सोह्र लाख पैतिस हजार मात्र |
| समानिकरण अनुदान(सुत्रमा आधारित) | १,०४,६९,०००। | एक करोड चार लाख उनान्सत्तरी हजार मात्र |
| समानिकरण अनुदान(कार्यसम्पादनमा आधारित) | ३,३८,०००। | तीन लाख अठतिस हजार मात्र |
| शसर्त अनुदान पुँजीगत | २०,२७,००,०००। | बिस करोड सत्ताईस लाख मात्र |
| शसर्त अनुदान चालु तर्फ | ००। | |
| विषेस अनुदान चालू | ८१,५०,०००। | एकासी लाख पचास हजार मात्र |
| बिषेस अनुदान पूँजिगत | ००। | |
| समपूरक अनुदान पुँजीगत | १,१३,०२,०००। | एक करोड तेरह लाख दुई हजार मात्र |
| सवारी साधन करको रकम राजश्व बाँडफाँड | ४५,७८,०००। | पैचालिस लाख अठहत्तर हजार मात्र |
| **अनुमानित आन्तरिक आय** | **३,२०,००,०००।** | **तीन करोड विस लाख मात्र** |
| **गत आ.ब. को अनुमानित संञ्चिति रकम** | **५०,००,०००।** | **पचास लाख मात्र** |
| **अनुमानित स्थानीय राजश्व** | **१०,००,०००।** | **दश लाख मात्र** |
| **कुल जम्मा आय अनुमान** | **८१,३३,१९,०००।** | **एकासी करोड तेत्तिस लाख उनाईस हजार मात्र** |

## व्यय अनुमानः

| खर्चको प्रकार | रकम | अक्षरमा |
|---|---|---|
| चालू | ४३,०३,७५,००० | त्रिचालिस करोड तीन लाख पचहत्तर हजार मात्र |
| पुँजिगत | ३८,२९,४४,००० | अठतिस करोड उनन्तिस लाख चौवालिस हजार मात्र |
| जम्मा | ८१,३३,१९,००० | एकासी करोड तेत्तिस लाख उन्नाइस हजार मात्र |

**आदरणीय नगर सभा अध्यक्ष एवं नगर सभा सदस्य ज्यूहरु ।**

अन्तमा, प्रस्तुत बजेटको प्रभावकारी कार्यान्वयनको लागि सबैको सहकार्य र स्वामित्व अपरिहार्य छ । यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरकारी निकायहरू, विभिन्न राजनीतिक दलहरू, विभिन्न सङ्घ संङ्गठनहरु, गैरसरकारी संस्थाहरू, निजी तथा सहकारी क्षेत्र लगायत सबैको सद्भाव, सहभागिता र सहयोग हुनेमा विश्वास व्यक्त गर्दै सम्मानित सभाबाट रचनात्मक सुझावसहित प्रस्तुत बजेट पारित हुनेछ भन्ने हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत बजेट कार्यान्वयनको लागि सवैवाट उच्च सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद ।

मितिः२०८३ साल असार १० गते वुधवार ।